# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, पुस २७ गते, २०७८ साल (अतिरिक्ताङ्क ५५

## भाग ५

नेपाल सरकार

**अर्थ मन्त्रालयको**

**सूचना-१**

आर्थिक ऐन, २०७८ को दफा २० मा रहेको मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण उपर चित्त नबुझाई पुनरावेदनमा गई विचाराधीन मुद्दा फिर्ता लिई सो दफा बमोजिम कर, शुल्क, ब्याज संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा थप शुल्क, बाँकी दस्तुर, जरिबाना, ब्याज मिन्हा हुने व्यवस्था कार्यान्वयन गर्न कतिपय स्थानमा राजस्व न्यायाधिकरणको अध्यक्ष नतोकिएको कारणले बाधा परेको आधारमा त्यस्तो सुविधा उपभोग गर्न पाउने अवधि एक महिना थप गरी संवत २०७८ साल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुस मसान्तसम्म कायम गर्ने गरी खण्ड ७१, अतिरिक्ताङ्क ५२, मिति २०७८।०८।२९ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरिएकोमा कतिपय राजस्व न्यायाधिकरणमा हालसम्म पनि अध्यक्ष नतोकिएकोले नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २० बमोजिमको सुविधा पाउने अवधि संवत् २०७८ साल फागुन मसान्तसम्म कायम गर्ने गरी बाधा अड्काउ फुकाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-२

आर्थिक ऐन, २०७८ को दफा २३ को उपदफा (३) मा रहेको ट्रेकिङ्ग तथा टुर प्याकेजमा लाग्ने मूल्य अभिवृद्धि कर निर्धारण भए उपर प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई मुद्दा विचाराधीन रहेका व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिला गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने व्यवस्था कार्यान्वयन गर्न कतिपय स्थानमा राजस्व न्यायाधिकरणको अध्यक्ष नतोकिएकोले बाधा परेको हुँदा नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २३ को उपदफा (३) बमोजिमको सुविधा पाउने अवधि संवत् २०७८ साल फागुन मसान्तसम्म कायम गर्ने गरी बाधा अड्काउ फुकाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**मधुकुमार मरासिनी**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।